नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

असार/साउन २०७० (July 2013) वर्ष १७/अङ्क १९६

## "विश्वासका आँखा"

– पाष्टर रोबर्ट कार्थक

विश्वासका योद्धा मोशाको बारेमा हिब्रू ११:१७ मा लेखिएको छ, '...अदृश्य हुनुहुनेलाई देखेझैं गरी तिनी स्थिर रहे।' अदृश्य हुनुहुनेचाहिँ परमप्रभु परमेश्वर नै हुनुहुन्छ। मोशाले अदृश्य परमेश्वरलाई कसरी हेरे होलान् ? (२ कोरिन्थी ४:१८ मा पावल लेख्तछन् - 'हामी दृश्य कुरालाई होइन तर अदृश्य कुरालाई हेर्छौं किनभने दृश्य कुरा क्षणिक हुन्छन् तर अदृश्य कुराचाहिँ अनन्तसम्म रहन्छन्।' यहाँ पनि प्रश्न उठ्न सक्छ, नदेखिने कुरालाई कसरी हेर्ने ? २ कोरिन्थी ५:७ ले हामीलाई यो कुरो बुझ्न अलि सजिलो बनाइदिन्छ। त्यहाँ लेखिएको छ, "हामी विश्वासद्वारा हिँड्छौं, देखिने कुराको आधारमा होइन।" हिब्रू ११:१ ले भन्दछ, 'अब विश्वासचाहिँ आशा राखेका कुराको निश्चयता र नेदेखेका कुराको प्रमाण हो।' पद ६ मा लेखिएको छ, 'विना विश्वास उहाँलाई रिझाउन असम्भव छ। किनभने जो परमेश्वरकहाँ आउँछ त्यसले उहाँको अस्तित्व छ र उहाँलाई खोज्नेहरूलाई प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ।' परमेश्वरको वचनले यो पनि भन्दछ, 'धर्मात्माचाहिँ विश्वासबाटै जिउनेछ।' यो कुरो हाम्रो धर्मशास्त्रमा चार ठाउँमा लेखिएको छ। हबकूक २:४, रोमी १:१७, गलाती ३:११ र हिब्रू १०:३८ मा हामी यो पढ्न पाउँछौं। शरीरका आँखाले हामी बाहिरका भौतिक कुराहरू मात्र देख्न सक्छौं। मनका आँखाले हामी आफ्ना र अरूहरूका आनन्द, रमाहट, दुःख-पीडा, लाज, डर, चिन्ता-फिक्री जस्ता कुराहरू थाहा गर्न सक्छौं। तर हाम्रा आत्माका आँखाले मात्र हामी अदृश्य परमेश्वर, अदृश्य येशू प्रभु, अदृश्य पवित्र आत्मा, नयाँ जन्म, स्वर्ग, आत्मिक आशिष्हरू, आत्माका फल, आत्माका वरदानहरू, अरू नदेखिने आत्मिक कुराहरू आत्मामा देख्न सक्छौं।

येशू प्रभुले निकोदेमसलाई भन्नुभयो, '... कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन।' शरीर र मनका आँखाले परमेश्वरको अदृश्य राज्य देख्न सक्दैन। आत्माका आँखाले मात्र त्यो देख्न सक्ने हुनाले हामीलाई शरीरमा जन्मेर मात्र पुग्दैन, हामी आत्मामा पनि फेरि नयाँ गरी जन्मनुपर्छ। शरीरबाट जन्मेको शरीर हो, आत्माबाट जन्मेको आत्मा हो। "जो मानिस आत्मिक छैन त्यसले परमेश्वरका आत्माका कुराहरू ग्रहण गर्दैन। किनकि ती कुराहरू त्यसका निम्ति मूर्खता हो। त्यसले ती बुझ्न सक्तैन किनकि ती कुराहरू आत्मिक रीतिले मात्र चिन्न सकिन्छन्" (१ कोरिन्थी २:१४)। यसैकारण संसारका बडेबडे विद्वानहरूले पनि ख्रीष्टमा पाप-क्षमा, मुक्ति, नयाँ जन्म, स्वर्ग जाने निश्चयता, परमेश्वरको राज्य, ख्रीष्टमा हाम्रो निम्ति पुत्रत्वको अधिकार जस्ता कुराहरू बुझ्न सक्तैनन्। "आँखाले नदेखेका र कानले नसुनेका र मानिसले नसोचेका यी कुरा... परमेश्वरले हाम्रा निम्ति पवित्र आत्माद्वारा प्रकट गर्नुभएको छ" (१ कोरिन्थी २:९-१०)। "अब हामीले संसारको आत्मा पाएका छैनौं तर परमेश्वरले हामीलाई दिनुभएका वरदानहरू बुझ्न सकौं भनेर उहाँबाट पवित्र आत्मा पाएका छौं" (१ कोरिन्थी २:१२)।

आँखा भएका मानिसहरूले देख्न नसकेका कुरा एकजना अन्धोले देखेको वर्णन हामी मर्कूस १०:४६-५२ मा पढ्न पाउँछौं। येशू प्रभु पछिल्लो पल्ट यरीहो शहरबाट भएर यरुशलेम जाँदै हुनुहुन्थ्यो। बाटोको छेउमा भीख माग्न बसेको अन्धा बर्तिमैले नासरतको येशू जाँदै हुनुहुन्छ भनेको सुन्नासाथ ऊ चिच्याउन लाग्यो, 'हे येशू, दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्।" धेरैले हप्काएर उसलाई चूप लगाउन खोजे तर ऊ झन् चर्को सोरले चिच्याएर कराउन लाग्यो। येशूले अन्धाको आँखा खोलिदिन सक्नुहुन्छ भन्ने कुरा सुनेको हुनाले उसको हृदयमा विश्वास जागेको थियो। मैले पनि येशूलाई भेट्न पाएँ भने उहाँले मेरो आँखा पनि खोलिदिनुहुन्छ भन्ने उसको विश्वास थियो। यदि त्यो मौका गुमेको भएदेखि सायद उसले फेरि अर्को मौका पाउने थिएन कारण त्यसपछि येशू फेरि यरीहोबाट भएर कहिल्यै जानुभएन। यो उसको लागि आखिरी मौका थियो। अरूले जत्तिकै रोक्ने कोशिस गर्दा पनि ऊ रोकिएन, बरू अझ चर्को सोरले करायो, कराइरहयो। यशैया ५५:६ मा लेखिएको छ, "जबसम्म परमप्रभुलाई पाउन सकिन्छ उहाँलाई खोज, उहाँ नजीक हुनुहुँदा नै उहाँलाई पुकार।" पुकार्ने काम तपाईंको हो तर तपाईं पुकार्नु नै हुन्न भने छेवैबाट जान लाग्नुभएको येशू प्रभुबाट तपाईंले केही मद्दत पाउन सक्नुहुन्न। त्यति धेरै मानिसहरूका हल्लाहरूको माझमा पनि प्रभुले त्यो अन्धा भिखारी कराएको सुन्नुभयो र उहाँ टक्क अडिनुभयो। उहाँले एक पाइलो पनि अघि सार्न सक्नुभएन। त्यो दुःखमा परेको अन्धो भिखारीको पुकार सुनेर पनि नसुनेजस्तो गर्न सक्नुभएन। तपाईं जो सुकै हुनु भएता पनि प्रभु तपाईंको पुकार सुनेर अडिनुहुन्छ। अझ तपाईं उहाँमा विश्वास गर्ने परमेश्वरको छोरो वा छोरी हुनुहुन्छ भने त झन् कति बढ्ता गरी तपाईंको लागि उहाँ पर्खनुहुन्छ।

'येशू प्रभुले भन्नुभयो, "त्यसलाई बोलाओ" अनि तिनीहरूले त्यस अन्धालाई यसो भनेर बोलाए, "ढाडस गर, उठ, उहाँले तँलाई बोलाउँदै हुनुहुन्छ। अनि आफ्नो खास्टो फालेर त्यो जुरूक्कै उठ्यो र येशूकहाँ आयो ! (मर्कूस १०:४९-५०)


त्यस जमानामा त्यहाँ धेरै ठग्ने मानिसहरू थिए। प्राय यहुदीहरूचाहिँ कन्जुस र ठगाहाहरू हुन्छन् भन्ने धेरैको धारणा छ। कति आँखा देख्ने मानिसहरू पनि अन्धा जस्तै भएर बाटोको छेउमा भीख मागेर बस्थे। यो कुरो रोक्नलाई भिखारीहरूलाई चाहिँ एउटा विशेष किसिमको खास्टो दिइन्थ्यो। साँचैका अन्धा हुन् वा होइनन् सो त्यही खास्टोले छुट्टचाउन सकिन्थ्यो। त्यो खास्टो त्यस अन्धाको परिचय-पत्र जस्तै थियो। त्यो अन्धा वर्तिमै येशूकहाँ आएपछि उहाँले त्यसलाई, "म तिमीलाई के दिऊँ ?" भनी सोध्नको सट्टामा "म तिम्रो लागि के गरिदिऊँ ?" भनी सोध्नुभयो। किन ? के प्रभुले त्यसलाई एउटा भिखारी भनी चिन्नुभएन र ? भिखारीको खास्टो ओढेर गएको भए ऊ अन्धो भिखारी रहेछ भन्ने देखेर प्रभुले, "म तिमीलाई के दिऊँ, कति दिऊँ ?" भनेर सोध्नु हुन्थ्यो होला। "उठ, उहाँले तँलाई बोलाउँदै हुनुहुन्छ" भनेको सुन्नासाथ उसले विचार गर्‍यो, 'अब मलाई यो खास्टो चाहिँदैन किनकि अब उसो भिखारी रहेर मैले भीख माग्नु पर्दैन। यसैले उसले त्यो खास्टो फालिदियो र जुरूक्क उठेर येशूकहाँ आयो। यस्तो विश्वास आज तपाईं र ममा हुनुपर्ने हो। हामी धेरै चोटि गाउने गर्छौं, 'कस्तो बदलाव ममा जब येशूकहाँ गएँ, –सधैं खाने थोक खान छोडें, सधैं पिउने थोक पिउन छोडें, सधैं गर्ने काम गर्न छोडें, कस्तो बदलाव ममा जब येशूकहाँ गएँ।'

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली


| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| **असार २९ गते**<br>जुलाई १३ ता. | पाष्टर<br>सामुएल कार्थक | श्री<br>प्रेम आले मगर | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>सिमोन खालिङ | पाष्टर<br>दफ्तन सादा | डीकनेस्<br>शान्ता मगर | एल्डर<br>सीता गुरूङ्ग |
| **साउन ५ गते**<br>जुलाई २० ता. | पाष्टर<br>बर्णबास श्रेष्ठ | पाष्टर<br>अशोक मुखिया | डीकन<br>सुरेश पुरकोटी | डीकन<br>गोपाल शर्मा | एल्डर<br>रूबेन श्रेष्ठ | श्री<br>सैदिप तामाङ्ग | श्री<br>पुरुषोत्तम न्यौपाने |
| **साउन १२ गते**<br>जुलाई २७ ता. | एल्डर<br>दिनेश न्यौपाने | श्री<br>सरुष मान तामाङ्ग | श्री<br>रमेश लामा | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>श्रीलक्ष्मी सैंजु | संयुक्त सेवा<br>ललितपुर चर्च | संयुक्त सेवा<br>ललितपुर चर्च |
| **साउन १९ गते**<br>अगष्ट ३ ता. | पा. सामुएल कार्थक<br>पा. रोबर्ट कार्थक | श्री<br>सिद्धि खालिङ | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पा. बि.बि. खवास<br>पाष्टर राजेन्द्र रोंगोंग | डीकन<br>घन श्याम दाहाल | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>सिमोन खालिङ |

येशुले मलाई बोलाउँदै हुनुहुन्छ । यदि म उहाँकहाँ गएँ भने मेरो जीवनमा परिवर्तन आउँछ, मलाई दृष्टि मिल्छ अनि मैले अन्धो रहेर भीख माग्न पर्दैन, मेरो जीवन सुधिन्छ र म बदलन्छु भन्ने पक्का विश्वास हामीमा हुनुपर्छ । येशू प्रभुकहाँ आएपछि हामी अन्धा भिखारी भएर बस्तैनौं । हामीपरमेश्वरका छोरा-छोरीहरू बन्नेछौं अनि परमेश्वरका छोरा-छोरीहरूले भीख माग्न पर्दैन । भजनसंग्रह ३७:२५ मा दाऊद भन्छन्, '... धर्मी जनहरू त्यागिएका वा तिनका सन्तानले मागेर खानुपरेको मैले कहिल्यै देखेको छैन मर्कूस १०:५२ मा लेखिएको छ, 'अनि येशूले त्यसलाई भन्नुभयो, "तिम्रो बाटो लाग । तिम्रो विश्वासले तिमीलाई निको पारेको छ ।" तब तुरुन्तै त्यसले दृष्टि पायो र बाटोमा येशूको पछिपछि लाग्यो ।' जबसम्म त्यो अन्धा थियो त्यसको आफ्नो बाटो थिएन कारण अन्धाको आफ्नो बाटो हुँदैन । अरूहरूले डोऱ्याएको अरूहरूको बाटो नै त्यसको बाटो हुन्छ । प्रभुले आँखा खोलिदिनुभएपछि भन्नुभयो, "तिम्रो बाटो लाग" । त्यसदिन त्यसले आफ्नो बाटो देख्यो । अब उसो अरूहरूको बाटो त्यसले हिंड्नु पर्दैन । त्यस दिनदेखि येशूको बाटो नै उसको बाटो भयो कारण ऊ येशूको पछि पछि लाग्यो ।

वर्तिमै अन्धोलाई दृष्टि दिने येशू प्रभु आज छेवैबाट भएर जाँदै हुनुहुन्छ । अब तपाईंको कराउने समय हो यो । रोग-बिमार, चिन्ता-फिक्री, घटी अभाव, गरिबीपना, अरू सबै समस्याहरूबाट उहाँले तपाईंलाई झट्टै छुट्कारा दिन सक्नुहुन्छ । ढाडस् गर्नुहोस्, उहाँले तपाईंलाई बोलाउँदै हुनुहुन्छ । उठ्नुहोस्, उहाँकहाँ जानुहोस् । उहाँ पर्खिराख्नुभएको छ ।'



नेइम पनौती मण्डलीको सदस्य श्री विष लाल सुवाल ८१ वर्षको उमेरमा जेष्ठ २२ गते/जुन ५ ता. बुधबार प्रभुमा सुत्नुभयो ।



नेइम नगरकोट मण्डलीको सदस्य श्री भिम बहादुर श्रेष्ठ ८२ वर्षको उमेरमा असार १९ गते/जुलाई ३ ता. बुधबार प्रभुमा सुत्नुभयो ।

### जुलाई महिनाको कार्यक्रम

असार २३ गते/जुलाई ७ ता. आइतबार बिहान १०:००-३:०० नेइम कार्यकारिणी समितिको बैठक नेइम जोरपाटी चर्च ।

साउन ६ गते/जुलाई २१ ता. आइतबार बिहान १०:०० बजे नेइम परिषद्को बैठक नेइम ज्ञानेश्वर चर्च ।

### हार्दिक बधाई

एस.एल.सी. उत्तीर्ण हुनुभएका सम्पूर्ण विद्यार्थीहरूलाई मण्डलीको तर्फबाट बधाई ज्ञापन गर्दछौं ।

| कार्यक्रम | बार | समय | स्थान | |
|---|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल, साहुगाउँ र धापासी | |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, नगरकोट, सिर्जनानगर (बिहान ७:३०, ९:३० र ११:३० बजे) | |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ | |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, जहरसिंह पौवा, सुन्दरीजल | |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा | |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल<br>जोरपाटी | |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, कपन | बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार | |
| | सोमबार | बिहान ६:०० बजे | जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, साँखु, गोंगबूँ, पनौती, सिर्जनानगर | |
| | मंगलबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, धापासी, बौद्ध-बज्रनगर, कमलाक्षी, मनहरा पुल (पेप्सीकोला), पिंगलास्थान , ताहाचल | |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैसेपाटी, कमलाक्षी, ताहाचल | |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ | |
| | शुक्रबार | बिहान ६:०० बजे | ललितपुर, जोरपाटी, गोंगबूँ, कालीमाटी, गाम्छा, सुन्दरीजल, ठिमी-नगदेश | दिउँसो ३:०० बजे पनौती |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | गोंगबूँ | धापासी | रानीपौवा | साहुगाउँ |
|---|---|---|---|---|---|---|---|---|
| असार २९ गते<br>जुलाई १३ ता. | पाष्टर<br>महेश थाँजु | श्री<br>राज गुरूङ्ग | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान तामाङ्ग | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा<br>गोंगबूँ चर्च | श्री<br>सुरेन्द्र सापकोटा | एल्डर<br>धन बहादुर तामाङ्ग |
| साउन ५ गते<br>जुलाई २० ता. | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा-जोरपाटी चर्च | | पाष्टर<br>महेश थाँजु | डीकन<br>धन श्याम दाहाल | डीकन<br>सिमोन पाठक | श्रीमती<br>रीना तामाङ्ग | डीकनेस्<br>आशमाया तामाङ्ग |
| साउन १२ गते<br>जुलाई २७ ता. | पाष्टर<br>महेश थाँजु | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान तामाङ्ग | डीकन<br>सिमोन पाठक | एल्डर<br>छोदेन कार्थक | श्री<br>कुमार सेन्चुरी | डीकन<br>हनोक तामाङ्ग |
| साउन १९ गते<br>अगष्ट ३ ता. | पाष्टर<br>महेश थाँजु | श्री<br>राजु गुरूङ्ग | डीकन<br>नर बहादुर श्रेष्ठ | श्री<br>लाक्पा लामा | पाष्टर<br>बर्णबास श्रेष्ठ | पाष्टर<br>प्रेम श्रेष्ठ | संयुक्त सेवा<br>गोंगबूँ चर्च | एल्डर<br>धन बहादुर तामाङ्ग |

## नव दम्पत्ति परिवारलाई हार्दिक बधाई



जेष्ठ १२ गते/मे १६ ता. आइतबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री जीवन खालिङ राई र पहिलो ब्याप्टिस चर्च माउन्ट डोरा फ्लोरिडाकी सदस्या सुश्री केट्लीन ग्रिफिट्स ब्याप्टिस चर्च माउन्ट डोरा फ्लोरिडा अमेरिकामा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनु भएकोमा श्रीमान्/श्रीमती जीवन/केट्लीन खालिङ राईलाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



जेष्ठ १९ गते/जुन २ ता. आइतबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री सुन्दर नेपाली र सुन्दर ढोका मण्डली, भैंसेपाटीकी सदस्या सुश्री कल्पना परियारको सुन्दर ढोका मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती सुन्दर/कल्पना नेपाली लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



जेष्ठ २२ गते/जुन २ ता. बुधबार नेइम जहरसिंह पौवा मण्डलीको सदस्य श्री श्याम कुमार वाइबा र बिब्लीकल ब्याप्टिस चर्च, सुनसरीकी सदस्या सुश्री शान्ति गोलेको बिब्लीकल ब्याप्टिस चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनु भएकोमा श्रीमान्/श्रीमती श्याम कुमार/शान्ति वाइबा लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### अभिषेक

असार १ गते/जुन १५ ता. शनिबार नेइम गोंगबूँ मण्डली अन्तर्गतको कर्मी डाँडा संगतिमा श्री राम भक्त वाइबालाई एल्डर अभिषेक गरियो ।

### बाल अर्पण

जेष्ठ २५ गते/जुन ८ ता. शनिबार नेइम पनौती मण्डलीमा २ जना बालबालिकाहरूको बाल अर्पण भयो ।

असार १ गते/जुन १५ ता. शनिबार नेइम गोंगबूँ मण्डलीअन्तर्गतको कर्मी डाँडा संगतिमा ३ जना बालबालिकाहरूको बाल अर्पण भयो ।



जेष्ठ २७ गते/जुन १० ता. सोमबार नेइम पनौती मण्डलीको सदस्य श्री राजु सुर्खेती र जीवित जीवन मण्डली, गोदावरीकी सदस्या सुश्री मनिता रोक्काको जीवित जीवन मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनु भएकोमा श्रीमान्/श्रीमती राजु/मनिता सुर्खेती लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असार २ गते/जुन १६ ता. आइतबार नेइम जोरपाटी मण्डलीको सदस्या सुश्री अनिता बस्नेत र श्री समिर सुनुवारको नेइम जोरपाटी मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनु भएकोमा श्रीमान्/श्रीमती समिर/अनिता सुनुवार लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### पानीको बप्तिस्मा

जेष्ठ १७ गते/मे ३१ ता. शुक्रबार नेइम पनौती मण्डलीमा १५ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

जेष्ठ १७ गते/मे ३१ ता. शुक्रबार नेइम ज्ञानेश्वर मण्डलीमा १९ जना र जेष्ठ १८ गते/जुन १ ता.शनिबार १ जना गरी २० जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

जेष्ठ ३१ गते/जुन १४ ता. शुक्रबार नेइम गोंगबूँ मण्डलीअन्तर्गतको कर्मी डाँडा संगतिमा ८ जनाविश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

असार ८ गते/जुन २२ ता. शनिबार नेइम साहुगाउँ मण्डलीमा ७ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

असार १७ गते/जुलाई १ ता. सोमबार नेइम गोंगबूँ मण्डलीमा २० जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

### समर्पण

जेष्ठ २५ गते/जुन ८ ता. शनिबार नेइम ज्ञानेश्वर मण्डलीमा १०१ जना विश्वासीहरूको समर्पण भयो ।

असार १ गते/जुन १५ ता. शनिबार नेइम गोंगबूँ मण्डलीअन्तर्गतको कर्मी डाँडा संगतिमा १३ जना विश्वासीहरूको समर्पण भयो ।

असार ८ गते/जुन २२ ता. शनिबार नेइम गोंगबूँ मण्डलीमा ५ जना विश्वासीहरूको समर्पण भयो ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>**Sunday** | २३ 7<br>नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू मात्र होइन तर जीवनको असल साक्षीद्वारा गवाही दिनेहरू पनि बन्न सकून् ।<br>**३ यूहन्ना १-६** | ३० 14<br>शाखा/आवद्ध मण्डलीमा रहेका सबै पाष्टर, अगुवा, प्रचारक तथा सबै विश्वासीहरूको प्रभुबाटको सुरक्षा र सेवकाईको लागि प्रार्थना गरौं ।<br>**यशैया ४२:६-७** | ६ 21<br>भारतका मुम्बइ, पुना लगायत अन्य शहरहरूमा बेचिएका नेपाली चेलिबेटीहरूको उद्धारको लागि प्रार्थना गरौं ।<br>**भजनसंग्रह ६८:१९-२०** | १३ 28<br>विभिन्न देशमा रोजगार, अध्ययन र अन्य कामको लागि गएका नेपाली दाजभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>**२ कोरिन्थी ५:१४-२१** |
| **सोमबार**<br>**Monday** | २४ 8<br>मण्डलीमा भइरहेको प्रार्थना सभाहरू, अरू समय र ठाउँमा पनि प्रार्थना सभा साथै प्रार्थना गर्नेहरू अझ बढेर गएको होस् ।<br>**यशैया ५६:६-७** | ३१ 15<br>मण्डलीका सबै विश्वासीहरू परमप्रभु परमेश्वरलाई अझै प्रेम गर्दै र उहाँको अभिप्राय पूरा गर्नेहरू हुँदै जान सकून् ।<br>**भजनसंग्रह १४५:१७-२०** | ७ 22<br>नेपाली इसाई मण्डलीअन्तर्गतका मण्डलीहरू संख्यात्मक वृद्धिको साथै आत्मिकी क्षेत्रमा पनि पाको हुँदै जान सकून् ।<br>**एफिसी ३:१४-२०** | १४ 29<br>परमेश्वरबाटको सबै प्रतिज्ञाहरू मण्डलीले विश्वाससाथ आफ्नो बनाउन सकून् ।<br>**गन्ती २३:१९, २ कोरिन्थी १:२०** |
| **मंगलबार**<br>**Tuesday** | २५ 9<br>मण्डलीका पूर्णकालिन सेवक/सेविकाहरूको सेवकाइ, परिवार साथै अन्य क्षेत्रमा आशिष मागिदिऔं ।<br>**रोमी १२:१,१२** | १ साउन 16<br>मंगलबार हुने आत्मिकी तथा चंगाई सेवाद्वारा मण्डलीमा जागृति, चंगाई, छुट्कारा, आत्माको नवीकरण, ताजापन, उत्साह, चिन्ह र आश्चर्यकर्म देख्न सकौं ।<br>**यशैया ३५:३-७** | ८ 23<br>ऋण, मुद्दा, रोग साथै अन्य समस्यामा परेकाहरूको समस्या समाधान साथै छुट्कारा र निको हुवाईको लागि प्रार्थना गरौं ।<br>**फिलिप्पी ४:५-७** | १५ 30<br>धुम्रपान, मद्यपान, लागुपदार्थ, दुर्व्यसन र विभिन्न बन्धनमा परेकाहरूको छुट्काराको लागि प्रार्थना गरिदिऔं ।<br>**१ कोरिन्थी २:९** |
| **बुधबार**<br>**Wednesday** | २६ 10<br>सबै घरेलु संगतिहरूमा एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठता अझ बढेर गएको होस् ।<br>**हिब्रू १०:२४-२५** | २ 17<br>प्रत्येक विश्वासीहरू आफू रहेको ठाउँमा खीष्टको साँचो साक्षीको जीवन जिउनेहरू हुन सकून् ।<br>**१ पत्रुस २:९-१२** | ९ 24<br>विभिन्न ठाउँमा शुरू भएको संगति भुण्ड साथै मण्डलीहरूबाट प्रचारिएको सुसमाचारद्वारा धेरै प्रभुको राज्यमा आउन सकून् ।<br>**यूहन्ना १५:१६** | १६ 31<br>सेवा संगतिदेखि टाढिएका र प्रभुको प्रेम चाखेर फेरि संसारतिर फर्केर गएकाहरू साँचो पश्चात्तापी भएर प्रभुमा फर्कन सकून् ।<br>**लूका १५:११-२४** |
| **बिहीबार**<br>**Thursday** | २७ 11<br>परिवारका सबै सदस्यहरू परमेश्वरले दिनुभएको शान्ति, मेलमिलाप र समझदारीमा जिउन सकून् ।<br>**१ पत्रुस ३:१-१७** | ३ 18<br>प्रत्येक परिवारमा श्रीमान्/श्रीमती, छोराछोरी र आमा बाबुबीचको सम्बन्ध प्रभुको प्रेममा दिन प्रतिदिन बढ्दै जान सकून् ।<br>**भजनसंग्रह ८४:१-१२** | १० 25<br>मण्डलीका सबै बालबालिकाहरूले सानै उमेरदेखि प्रभुको आवाज सुनेर भविष्यमा परमेश्वरको महिमाको कामको लाीग तयार हुन सकून् ।<br>**१ शमूएल ३:१-४** | १७ August 1<br>सबै जवानहरू आफूले पाएको मुक्तिको सुसमाचार सुनाउन अझै बोझ र दर्शनसाथ लागिपर्न सकून् ।<br>**रोमी १०:१४-१७** |
| **शुक्रबार**<br>**Friday** | २८ 12<br>मण्डलीका विश्वासीहरू कोही पनि रीतिविधिमा मात्र सेवा संगतिमा सहभागी नभई सत्यतामा परमेश्वरको आराधना गर्न तयार भएर आउन सकून् ।<br>**भजनसंग्रह ८४:१-६** | ४ 19<br>प्रत्येक शनिबार आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचनअनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं ।<br>**भजनसंग्रह ७८:१-१८** | ११ 26<br>भोलिको आराधना सेवामा परमेश्वरको इच्छा पूरा भएको होस् । ती सेवा संगतिहद्वारा परमेश्वरलाई नै महिमा मिलेको होस् ।<br>**यशैया ५५:६-१३** | १८ 2<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरू मण्डलीको कार्यक्रम नभएर आत्मिकी रूपमा बढ्दै जाने सेवा संगति हुन सकून् ।<br>**मत्ती ६:१-४** |
| **शनिबार**<br>**Saturday** | २९ 13<br>हामी सबै किसिमका बोझा र सजिलैसित अल्झाउने पापलाई पन्छाएर धैर्यका साथ हाम्रो दौडलाई पूरा गर्न सकौं ।<br>**हिब्रू १२:१** | ५ 20<br>सरकारी, इसाई संघ-संस्थाहरूमा सेवकाइ गरिराख्नुभएका साथै विभिन्न काम व्यवसाय गर्नेहरू आफ्नो कामप्रति इमान्दार हुन सकून् ।<br>**हितोपदेश ११:१** | १२ 27<br>विभिन्न देशहरूमा पढाइ, काम तथा अन्य कारणले जानु शभएका-हरूको लागि सुरक्षा र सबै कुरामा परमेश्वरको आशिष मागिदिऔं ।<br>**भजनसंग्रह १२१:१-८** | १९ 3<br>परमेश्वरले देखाउनुभएको योजना पूरा गर्दै जानको लागि पवित्र आत्माको अगुवाई र उपस्थिति मण्डलीसँग सधैं भइरहून् ।<br>**प्रस्थान ३३:१३-१७** |

## यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थनामा जेसुकै माग्छौ सो पाएका छौं भन्ने विश्वास राख, र त्यो तिमीहरूको हुने छ ।

**मर्कूस ११:२४**